प्रदेश सरकार
लुम्बिनी प्रदेश
# सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

निजी सचिवालय
सुदर्शन बराल
मन्त्री

प.सं.: २०७७/०७८
च.नं.: ३६

मिति: २०७७/१०/०८

## हार्दिक अपिल

पछिल्लो समय देशव्यापी रुपमा मौसम परिवर्तनसगै अत्यधिक चिसो बढेको र हाम्रो प्रदेशका पुर्व नवलपरासीदेखि बर्दिया सम्मका तराईका जिल्लाहरुमा शितलहर समेत भएकोले जनजीवन प्रत्यक्ष प्रभावित भएको छ।

अत्यधिक चिसोको कारण विभिन्न किसिमका स्वास्थ्य समस्याहरु देखिनुको साथै शरिरको तापक्रम घट्न गइ मृत्यु समेत हुन सक्दछ। यसबाट गर्भवती तथा सुत्केरी महिलाहरु, नवजात शिशु, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, दिर्घरोगी, जेष्ठ नागरिक, असाहय, अनाथ, अति विपन्न तथा सिमान्कृत समूहका मानिसहरु बढि प्रभावित भएको देखिएको छ। तसर्थ शितलहरबाट प्रभावित जनसमुदायलाई थप समस्या नहोस् भन्नको लागि सामाजिक विकास मन्त्रालयको समन्वय तथा सहकार्यमा विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुले शितलहरबाट बढी प्रभावित समुदायका मानिसहरुलाई कम्बल, न्यानो कपडा, खाद्य तथा पोषण सामाग्री वितरण गरिरहेको जानकारी गराउंदछु।

चिसोबाट बच्नको लागि न्यानो कपडा लगाउन, तातो र पोषणयुक्त खानेकुरा खान, अनावश्यक रुपमा घरबाहिर नवस्न, घर भित्र हिटर, दाउरा ,कोईला बाल्दा विशेष सावधानी अपनाउन र कुनै स्वास्थ्य समस्या देखापरेमा नजिकको स्वास्थ्य संस्थामा गई सेवा लिन विशेष अनुरोध गर्न चाहन्छु।

चिसो मौसमको जोखिमयुक्त अवस्थामा रहेका समुदाय तथा समूहको स्वास्थ्यमा प्रतिकुलता भई जनजीवनमा नकरात्मक प्रभाव नहोस भन्नको लागि आवश्यक सहयोग नपुगेको स्थान तथा समुदायको पहिचान गरी ति क्षेत्र तथा समुदायलाई न्यानो कपडा तथा खाद्य र पोषण सामाग्री उपलब्ध गराउनु हुन सबै स्थानीय तह, स्थानीय प्रशासन, सरकारी तथा गैरसरकारी निकायहरु, सामाजिक संघ- संस्थाहरु तथा सरोकारवाला निकायहरुलाई हार्दिक अपिल गर्दछु।

सुदर्शन बराल

सामाजिक विकास मन्त्री

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

www.mosd.p5.gov.np minister.mosd.5@gmail.com ०७१-५४०२४१